नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७८।०७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १३६

मिति : २०७८/०४/१८

विषयः पटवा, विल्टाउ, विन (मुखिया), मलाह (सनही), लोहार र गोढया जातीको सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।

**श्री स्थानीय तह सबै।**

प्रस्तुत बिषयमा पटवा, विल्टाउ, विन (मुखिया), मलाह (सनही), लोहार र गोढया जात/थर का व्यक्तिहरुलाई दलित जाती अन्तर्गत प्रदान गरिने सामाजिक सुरक्षा भत्ता दिन मिल्ने नमिल्ने सम्बन्धमा विभिन्न स्थानीय तहबाट यस विभागमा निर्देशन माग भए बमोजिम उक्त जाती/थरहरु दलित वर्गमा पर्ने हुन होइनन् पछिसम्म फरक नपर्ने गरी खुलाई पठाइदिन भनी यस विभागको च.नं. २२६० मिति २०७७/१२/२२ को पत्र मार्फत राष्ट्रिय दलित आयोगमा पत्राचार भएको थियो। राष्ट्रिय दलित आयोगको च.नं. ४२६ मिति २०७८/३/२ को पत्रानुसार उक्त जातीहरु दलित वर्ग अन्तर्गत पर्ने र दलित जातीय अनुसूची विवरणमा समेत समावेश गरिने भनी लेखी आएकोले यस विभागको च.नं ३१९६ मिति २०७८/३/८ को पत्र मार्फत उक्त जाती/थरका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न बाधा नपर्ने भनी सबै स्थानीय तहमा पत्राचार समेत भएको विद्धितै छ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय दलित आयोगको च.नं. ०२ मिति २०७८/०४/०३ को पत्र मार्फत आयोगको मिति २०७८/३/२ गतेको निर्णय हाललाई कार्यान्वयन नगर्नु नगराउनु भनी यस विभागमा लेखी आएको हुँदा राष्ट्रिय दलित आयोगको यसै साथ संलग्न पत्र बमोजिम कार्यान्वयन गर्नुहुन निर्णयानुसार अनुरोध छ।

२०७८/०४/१८
(मेघ राज शंकर)
शाखा अधिकृत

# राष्ट्रिय दलित आयोग
# National Dalit Commission

राष्ट्रिय दलित आयोग
२०७५

प.सं. २०७८/०७९
च.नं. ०२

मिति:२०७८/०४/०३

विषयः निर्णय पठाईएको सम्बन्धमा ।

श्री राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार काठमाडौं।

राष्ट्रिय दलित आयोगको मिति २०७८ असार २९ गतेको बैठकले देहाय बमोजिम निर्णय गरेको हुँदा सोहि व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

निर्णय नं. १: "यस आयोगको मिति २०७८ असार ०२ गतेको बैठकको निर्णयानुसार तराई/मधेसी समुदायका पटवा, विल्टाउ, विन(मुखिया), मलाह(सहनी), लोहार र गोढया जात/थरका मानिसहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि उक्त थरहरु आयोगको दलित जातीय अनुसूची विवरणमा समावेश गरिने व्यहोरा लेखि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा लेखि पठाइएकोमा उल्लेखित थरहरु दलित जाती भित्रका नभएकाले दलित जातीय अनुसूची विवरणबाट हटाउनका लागि विभिन्न व्यक्ति तथा सँस्थाबाट लिखित तथा मौखिक रुपमा आयोगमा निवेदनहरु निरन्तर प्राप्त भइरहेको तथा सो सम्वन्धमा सरोकारवालहरुसँग छलफल तथा अन्तरक्रिया भइरहेको हुँदा उक्त निर्णय हाललाई कार्यान्वयन नगरी/नगराई यथावत राख्नका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा लेखि पठाउने निर्णय गरियो ।"

२०७८/०४/०३
मेखबहादुर मंग्राती
शाखा अधिकृत

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४५१०३१
E-mail: info@ndc.gov.np, Website: www.ndc.gov.np